मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
# कृषि विकास निर्देशनालय
जनकपुरधाम, मधेश प्रदेश, नेपाल

## बीउ बिजन आत्मनिर्भर कार्यक्रमका लागि खामबन्दि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०८/०९)

यस निर्देशनालयको चालु आ. व. ०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बीउ बिजन आत्मनिर्भर कार्यक्रम संचालन गर्नु पर्ने भएको ले कार्यक्रममा सहभागी हुन ईच्छुक मधेश प्रदेशका कृषि सहकारी/कृषक समूह/कृषि फार्म /कृषि कम्पनी/कृषि उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलि पल्ट) परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु सहित यस निर्देशनालयमा खामबन्दि निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ साथै अनुदानको अधिकतम सिमा "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम हुने व्यहोरा समेत अनुरोध छ ।

### प्रस्तावमा समावेश हुन सक्ने विषयगत क्षेत्रहरु निम्न बमोजिम मात्र हुने छ ।

(क) खाद्यान्न, दलहन र तेलहन बालीको मूल, प्रमाणित र उन्नत बीउ उत्पादन यान्त्रिकीकरणका लागि स्वचालित तथा एटयाचमेन्ट कृषि यन्त्र खरीद सम्बन्धी कार्यहरु।

(ख) पोष्टहार्भेष्ट सेन्टर स्थापना (गोदाम भवन, बीउ सुकाउने Floor) सम्बन्धी कार्यहरु।

(ग) खाद्यान्न, दलहन र तेलहन बालीको गुणस्तरीय बीउ उत्पादनका लागि ड्राईङ्ग, प्रशोधन, बीउ परीक्षण, ट्रिटीङ्ग, प्याकेजिङ्ग, लेबलिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा बजारीकरण सम्बन्धी कार्यहरु।

(घ) सीप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरु।

तपसिल:

१. संस्था/कम्पनी दर्ता र गत आ.व. सम्म नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

२. सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिस,

३. लाभान्वित वर्गको बीउ बिजनको क्षेत्रमा अनुभव,

४. प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल/ कृषक संख्या,

५. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि। एक वर्षभन्दा पुरानो अनुदानाग्राहीको हकमा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,

६. कार्यक्रममा सहभागी हुने कृषकहरुको जग्गाधनीपूर्जाको प्रतिलिपि,

७. आवेदक संस्थाले गर्नु पर्ने बैंकको कर्जा लगानीको सुनिश्चितता पत्र वा आफै सक्षम भएको अवस्थामा बैंक खाताको स्टेटमेन्टको प्रतिलिपि,

८. प्रस्तावित कार्यक्रमको लागत अनुमान,

९. प्रस्तावित कार्यक्रम माग गर्ने कृषि सहकारी/समूह/फार्म/कम्पनी/उद्योगको निर्णय र प्रस्तावित कार्यक्रम दर्ता गर्ने व्यक्ति र कृषि सहकारी/समूह/फार्म/कम्पनी/उद्योगको निर्णय

१०. पेश हुन आएका कुनै पनि प्रस्ताव/निवेदनहरु स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस निर्देशनालयमा हुनेछ।

११. रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव/ निवेदनहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

१२. यस सूचनामा उल्लेखित थप अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

१३. नोटः प्रस्ताव निवेदनको ढाँचा अनुसूची २, प्रस्तावको विवरण अनुसूची ३, प्रतिवद्धता पत्र अनुसूची ५ र वीउ विजन आत्मनिर्भर कार्यक्रम सञ्चालन विधि २०८१ यस निर्देशनालयको website: add.madhesh.gov.np बाट डाउनलोड गरी जानकारी लिन सकिनेछ। थप जानकारीका लागि फोन नं. ०४१-५९१७४९/९८६०५९७२७३ मा सम्पर्क गर्न सकिनेछ।

जितेन्द्र यादव
प्रमुख

जितेन्द्र यादव
प्रमुख (एघारौं तह)